नेपाल सरकार
**ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय**
# विद्युत विकास विभाग
( अनुमतिपत्र महाशाखा)

४५३४१११९
४५११५३७
फोन नं.: ४५१९५०१
४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानो गौचरण, काठमाडौं, नेपाल

पत्र संख्या :- ०८१/८२
चलानी नं.:- १६०२

मिति: २०८१/१२/२८

**विषय:** लाङ्दी खोला जलविद्युत आयोजनाको सम्बन्धमा ।

श्री दूधपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
जोर्ने, लमजुङ ।
फोन नं.: ९८५६०४५८१३
इमेल: info@dudhpokharimun.gov.np

प्रस्तुत विषयमा तहाँबाट पत्र संख्या ०८१/०८२ च.नं.६४२, मिति २०८१/१२/०८ को पत्र मिति २०८१/१२/१७ (द.नं. ७०१३)मा प्राप्त भइ व्योहोरा अवगत भयो ।

उक्त पत्रमा उल्लेख भएअनुसार ९८० कि.वा. क्षमताको लाङ्दी खोला जलविद्युत आयोजनाको प्रारम्भिक सर्वेक्षण अध्ययन एवम् डिटेल सर्वेका लागि अनुमति प्रदान गरेको कुरा अवगत भयो । सो सम्बन्धमा स्थानीय संचालन ऐन, २०७४को दफा ११.२.ध.३ बमोजिम एक मेगावाट क्षमता सम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीय स्तरको नीति, कानुन, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन लगायतका अधिकारहरुको प्रयोग गर्न सकिने प्रावधान रहेको छ भने श्रोतको सहि उपयोग गर्नका निमित्त तथा विद्युत उत्पादन वा सर्वेक्षणको निवेदन पेश भएको वा अनुमतिपत्र जारी भई सकेका आयोजनाहरुसँग दोहोरो हुन नदिन विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५(पाँचौ संशोधन सहित)को दफा ६(१)मा "एकसय किलोवाटदेखि एकहजार किलोवाटसम्म क्षमता भएका जलविद्युत आयोजनाको सर्वेक्षण अनुमतिपत्र जारी गर्नु अघि विभाग सङ्ग सहमति लिनुपर्नेछ।" भन्ने प्रावधान रहेको जानकारी गराइन्छ । सो को लागि विभागसमक्ष आयोजनाको प्रतिवेदन तथा संरचना उल्लेख भएको स्थलरुप नक्सा सहित निवेदन पेश गर्नु पर्ने हुन्छ ।

प्रस्तुत क्षेत्र भित्र विभागको template अनुसार क्षमता निर्धारण गर्दा १ मेगावाट भन्दा बढि (१.४१७ मे.वा.) हुने देखिएकोले सो क्षेत्र भित्र १ मेगावाट क्षमता भन्दा कमको आयोजना प्रस्ताव गर्नु प्राविधिक रुपमा श्रोतको underutilize भएको हुँदा १ मेगावाट क्षमता भन्दा कमको आयोजनालाई अनुमति दिन नमिल्ने देखिने समेत जानकारी गराइन्छ ।

(डा.आस्था भट्ट)
इन्जिनियर